# ८ शैतान, हारेको शत्रु

*__यस अध्यायका मूल पदहरू:__* प्रकाश १२, उत्पत्ति ३:१५, यशैया १४:१२-१५, दानिएल ७:२३-२५, २ थेस्सोलिनिकी २:८-१२, प्रकाश १३:१३,१४ र प्रकाश १९:२१।

*__यस अध्यायको मूल सार पद:__* **"तिनीहरूले थुमाको रगत र आफ्ना गवाहीको वचनको कारण त्यसलाई जितेका छन्, र तिनीहरूले मृत्युसम्मै पनि आफ्नो ज्यानको माया राखेनन्।" प्रकाश १२:११।**

प्रकाश १२-१४ अध्यायले हामीलाई यस पुस्तकको अन्तिम खण्डमा (प्रकाश १५:१-२२:२१) उल्लेख गरिएको अन्तिम दिनमा हुने घट्नाहरूको अध्ययन गर्न तयार पार्दछ। यस पुस्तकको प्रथम आधा खण्डले (प्रकाश १:१-११:१९)मा येशूका विश्वासीहरू अर्थात् चर्चलाई शत्रुवत व्यवहार गर्ने संसारसंग आत्मिक संघर्ष गरिएको व्याख्या गर्दछ। येशूको आगमन भएको सम्बतको (ई.सम्बत) सुरूभएदेखि इतिहासको अन्तमा उहाँलाई विश्वास गर्ने र नगर्नेको बीचमा अध्यात्मिक संघर्ष जारिरहन्छ (येशूलाई विश्वास नगर्नेले पनि आफ्नो जन्मदर्ता गराउँदा वा कुनै व्यापारिक वा अन्तराष्ट्रिय कारोबार गर्दा येशूको जन्म भएदेखिको औंल्याइएको मितिलाई लेख्न वाध्य त हुन्छ)। प्रकाशको पुस्तकको बाँकी आधा अंश येशूको दोस्रो आगमन र परमेश्वरको राज्यको पुनर्स्थापनाको अगाडि के के घट्ना भएर यस पृथ्वीको इतिहासको अन्त हुन्छ भनेर वर्णन गरिएको छ।

संसारको इतिहासको अन्तमा हुने अन्तिम सङ्केतको पर्दा पछाडि के के हुन्छ भनेर प्रकाश १२ अध्यायले चित्रण गर्दछ। इतिहासभरि येशू ख्रीष्ट र शैतानको बीचमा भइरहेको घोर संग्राम वा महान् बैचारिकमत भिन्नताको (येशूले आफू मुक्तिदाता र सृष्टिकर्ता हुँ भनेर दावी गर्नुहुने र शैतानले त्यो दावीलाई आफू र आफ्ना मतियारहरूद्वारा प्रतिकार गर्ने जस्ता द्वन्द्वहरू) बिकास कसरी भयो भनेर उक्त अध्यायले देखाउँदछ। प्रकाशको पुस्तकमा शैतान, परमेश्वर र उहाँका जनहरूको परमशत्रु वा प्रमुख शत्रुको रूपमा चित्रण गरिएको छ। उसको अस्तित्व कुनै पौराणिक कथा वा मनगढन्ते कथा नभएर वा कसैले यो केवल दिमागमा चल्ने तत्वमात्र हुन् भनेर मानिसलाई अलमल्याउने सोच नभएर वास्तविक नै हो भनेर बाइबलले चित्रण गर्दछ।

जगतमा भएको युगौंदेखि परमेश्वरसँगको विद्रोह र जगतसंसारमा हुने दुष्ट तथा खराब क्रियाकलापहरूको पछाडि शैतान भएको हावादारी विश्वास नभएर साँच्चिक्कै हो। येशूको दोस्रो आगमन अगाडि आर--मागेड्डोनको युद्धमा जितियो भने त्यो उसको निम्ति परमेश्वरसँग जित्ने अन्तिम लडाइँ हो भन्ने कुरालाई शैतानलाई थाहा छ। त्यसकारण युगको अन्तमा त्यसतिर ध्यान दिएर आफ्नो सम्पूर्ण क्रियाकलापलाई अन्तिमरूप दिन शैतान भएभरको प्रयास गर्न आफूलाई तयार पार्दछ।

जेभएतापनि शैतानको कुनै पनि चर्तिकला वा बाहुबलले छेडिने युद्धमा सफल हुनेछैन भनेर परमेश्वरका जनहरूलाई विश्वास दिलाउन प्रकाश १२ लेखिएको हो। यो अध्याय चेतावनीको रुपमा पनि लेखिएको छ। शैतानले युगको अन्तमा रहने परमेश्वरका बाँकी वा बचेखुचेका जनहरूसँग युद्ध गर्ने अठोट गरेको छ भनेर यस अध्यायले सचेत गराएको छ। जुन चर्चका विश्वासीहरू केवल येशूमा आशा र उहाँको शक्तिमा विश्वास गरेर जिउन चाहन्छन् त्यसप्रति शैतानले अनेकौं माध्यमहरू अपनाएर येशूको दोस्रो आगमन नहुञ्जेल लडिरहनेछ भनेर यस अध्यायमा हामी हेर्नेछौं।

## १. स्त्री र अजिङ्गर वा शैतान

**प्रकाश १२:१-५मा उल्लेख गरिएको यूहन्नाको दर्शनमा दुई ठूला चिन्ह वा प्रतीकहरू देखिन्छन्। प्रथमत बालक गर्भमा भएको स्त्री र दोस्रोमा अजिङ्गर वा शैतानको राक्षसीरूप। ती प्रतीकहरूले कसलाई चिन्हाउँदछ वा ती पदहरूले के सिकाउँदछ? हेर्नुहोस्: "१ स्वर्गमा एउटा आश्चर्यजनक चिन्ह देखियोः सूर्य पहिरेकी एउटी स्त्री देखा परी, जसको पाउमुनि चन्द्रमा थियो, र त्यसले शिरमा बाह्र वटा ताराको मुकुट लाएकी थिई। २ त्यो गर्भवती थिई, र जन्माउने अवस्थाको पीडामा प्रसववेदनाले चिच्याइरहेकी थिई। ३ अनि स्वर्गमा अर्को एउटा चिन्ह देखियोः सात वटा शिर, दश वटा सिङ र शिरमा सात वटा मुकुट लाएको एउटा ठूलो रातो अजिङ्गर देखा पर्‍यो। ४ त्यसको पुच्छरले स्वर्गको एक तिहाइ ताराहरूलाई सोहोरेर पृथ्वीमा फालिदियो। बालक जन्मनासाथ त्यसलाई निलिहालूँ भनी त्यो अजिङ्गर बालक जन्माउन लागेकी स्त्रीको सामुन्ने खड़ा थियो। ५ त्यस स्त्रीले सारा जातिलाई फलामको डन्डाले शासन गर्ने एउटा छोरो जन्माई। त्यसको बालक परमेश्वरकहाँ उठाइएर उहाँको सिंहासनमा लगियो।"**

परमेश्वरका जनहरू चाहे पुरुष होस् चाहे स्त्री होस् त्यसलाई स्त्री वा दुलहीको संज्ञा बाइबलले दिँदछ ("ईश्वरीय डाहले म तिमीहरूप्रति डाही भएको छु। एउटै पतिकी पवित्र दुलहीको रूपमा तिमीहरूलाई प्रस्तुत गर्न मैले ख्रीष्टसँग तिमीहरूको मगनी गरिदिएँ" २ कोरिन्थी ११:२)। पतिब्रत, शुद्ध वा बाइबलको सत्यताबाहेक अरूसँग घुलमिल नभएको स्त्री भनेको परमेश्वरका सच्चा, विश्वासी जनहरू हुन् भनेर बाइबलले प्रकट गर्दछ। तर बाइबलसम्मत नचल्ने र विश्वासमा भड्किएर बस्ने वा अरू दर्शनहरूको पछि लागेर सच्चा आस्थालाई खलबलाएर येशूलाई गलत ढँगमा चित्रण गर्नेलाई बेश्या इसाई भनेर बाइबलले खुलासा गर्दछ। प्रथमत प्रकाश १२को स्त्री इस्राएललाई लक्षित गर्दछ जहाँबाट येशू मसीहको आगमन भयो (प्रकाश १२:१-५)। पद १३-१७ले उनी सही वा सत्य चर्चको सङ्केत गर्दछिन् जहाँबाट रेमनेन्ट वा परमेश्वरको वचन र येशूप्रतिको आस्थामामात्र अडिग भएर बस्ने बचेखुचेको चर्चको जन्मलाई औँल्याउँछ।

सूर्यलाई वस्त्र जस्तो पहिरेकी र उनको पाऊमुनि चन्द्रमा भएको चित्रण त्यस स्त्रीको दिइएको छ। सूर्यले येशू ख्रीष्टको महिमित चरित्रलाई प्रतिबिम्बित गर्दछ। उहाँको धार्मिकतालाई सूर्यसँग दाँजिएको छ ("तर मेरो नाउँको आदर गर्ने तिमीहरूमाथि चाहिँ धार्मिकताको सूर्य आफ्ना पखेटामा आरोग्यता लिएर उदाउनेछ। अनि गोठलाई छोड़ेर निस्केका बाछ्राजस्तै तिमीहरूचाहिँ बाहिर निस्कनेछौ" मलाकी ४:२)। प्रभु येशू ख्रीष्ट सूर्य जस्तो संसारको ज्योति हुनुहुन्छ (यूहन्ना ८:१२) र संसारमा उहाँको प्रेमिलो चहकिलो चरित्रलाई उहाँका जनहरूद्वारा प्रतिबिम्बित गर्न आह्वान गरिएको छ ("१४ “तिमीहरू संसारका ज्योति हौ। डाँड़ामा बसालिएको सहर लुक्न सक्दैन। १५ मानिसहरूले बत्ती बालेर पाथीले त छोप्दैनन्, तर सामदानमा राख्दछन्, र घरमा हुने सबैको निम्ति त्यसले उज्यालो दिन्छ। १६ यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्" मत्ती ५:१४-१६)। चन्द्रमा कम ज्योति भएको ग्रह हो (उत्पत्ति १:१६ "अनि परमेश्वरले दुई विशाल ज्योतिहरू बनाउनुभयो– ठूलो ज्योति दिनमाथि प्रभुत्व गर्न, र सानो ज्योति रातमाथि प्रभुत्व गर्न। उहाँले ताराहरू पनि बनाउनुभयो")। यसले विश्वमा सुसमाचार सुनाउने योजनामा पुरानो करारले दिए अनुसार येशूको कामलाई चित्रण गर्दछ।

अर्को आगो भएको रातो अजिङ्गर वा भयानक जीव जसको टाउकाहरू सातवटा छन् र दशवटा सिङहरू छन् (प्रकाश १२:३ रूपान्तरित) यूहन्नाले आफ्नो दर्शनमा देख्छन्। यो अजिवका पुच्छर भएको जीव अरू कुनै नभएर शैतान आफै हो भनेर प्रकाश १२:९ले बताउँछ। स्वर्गका एक तिहाइ ताराहरू यस पृथ्वीमा खसालिन (प्रकाश १२:४) वा तिनीहरूलाई धोखा दिन उसले आफ्नो पुच्छरलाई प्रयोग गरेको चित्रण गर्दछ (यशैया ९:१४,१५, प्रकाश ९:१०)। आफ्नो उच्च स्थानमा रहेको प्रतिस्ठित दर्जाबाट शैतानको पतन भएपछि (यशैया १४:१२-१५) उसले स्वर्गको एक तिहाइ स्वर्गदूतहरूलाई धोका दिन सफल भएको थियो। ती पतित स्वर्गदूतहरू नै यस संसारमा अनेकौं छलि भेष धारण गरी जस्तै भूत बनेर वा दुष्टआत्मा बनेर मानिसहरूलाई धोखा दिन्छन्। तिनीहरूले परमेश्वर र उहाँले गर्नुभएको मुक्तिको काममा अनेकौं चर्तिकला देखाएर विरोध गर्दछन् ("१ पवित्र आत्मा प्रष्टै भन्नुहुन्छ, कि पछि आउने समयमा छली आत्मा र भूतप्रेतका सिद्धान्ततिर मन लाएर कोही विश्वासबाट तर्किजानेछन्"१ तिमोथी ४:१)। शैतानलाई अजिङ्गर वा राक्षस भनेर चित्रण गर्दै उसका सातवटा टाउकोहरू र दशवटा सिङहरू छन् भनिएको छ। शैतानले आफ्ना पतित स्वर्गदूतहरूसँग मूर्तिपूजा गर्ने र परमेश्वरको विरुद्धमा लाग्ने रोमी साम्राज्यलाई प्रयोग गरेर मानिसहरूलाई परमेश्वरलाई विश्वास गर्नबाट भड्काउँछ। मानिसहरूलाई अनेकौ दुष्टआत्माहरूले सताएर हुन्छ कि ती दुष्ट आत्माहरू भगवान हुन् भनेर अनेकौं आश्चर्य वा अलौकिक काम गरेर विश्वास दिलाएर हुन्छ कि ("तब मैले अजिङ्गरको मुखबाट, त्यस पशुको मुखबाट र झूटो अगमवक्ताको मुखबाट भ्यागुताहरूजस्ता तीन वटा घृणित आत्माहरू निस्किरहेका देखें" प्रकाश १६:१३) जनमानसमा परमेश्वरको अस्तित्वको बारेमा भ्रम फैलाउँछ। "प्रकाश १२:९मा उल्लेख गरिएको अजिङ्गर शैतान हो। येशूलाई मार्न हेरोदलाई उक्साउने उही थियो। तर शैतानको प्रमुख प्रतिनिधित्व गरेर प्रथम शताब्दीमा रोमी साम्राज्यले ख्रीष्ट र उहाँका जनहरूसँग युद्ध गरेको थियो। त्यसबेला रोमी साम्राज्यमा अनेकौं मूर्तिपूजा र तिनीहरूसँग सम्बधित चाडबाड तथा रितिहरू थिए। पाश्चात्य देश रोममा त्यस मूर्तिपूजा गर्ने धर्मको बाहुल्यता थियो। प्राथमिकरूपमा अजिङ्गर शैतानको प्रतीक भएर देखाइएतापनि मूर्तिपूजा गर्ने रोमलाई त्यसको दोस्रो चित्रण गरिएको छ।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ४३८बाट रूपान्तरित।

**प्रकाश १२:९मा भनिएको छ "त्यो ठूलो अजिङ्गर तल फालियो– त्यो प्राचीन सर्प, जो सारा संसारलाई बहकाउने दियाबलस वा शैतान हो। त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए।" उत्पत्ति ३:१५मा गरिएको भविष्यवाणी "१५ तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।" र स्त्रीको सन्तान अर्थात् येशू जन्मिनेबित्तिक्कै उहाँलाई मार्न शैतान सक्रिय भएको (प्रकाश १२:४) बीचमा के सम्बन्ध छ?**

सुरुदेखि नै मसीह बालकको जन्मभएपछि उहाँलाई नाश गर्न शैतान पर्खिरहेको थियो। जब येशू मसीहको जन्म भयो तब शैतानले त्यस मूर्तिपूजक रोम र यहूदी राजालाई प्रयोग गरेर हत्या गर्न खोजेको थियो (मत्ती २:१३-१६ "१३ तिनीहरू गएपछि, परमप्रभुका एउटा दूत सपनामा योसेफकहाँ देखा परे र तिनले यसो भने, "उठ, साना बालक र उहाँकी आमालाई साथ लिई मिश्रदेशमा भागिहाल, र तिमीलाई मैले नभनेसम्म त्यहीँ बस। किनकि, हेरोदले बालकलाई मार्न उहाँको खोजी गर्न लागेको छ।" १४ अनि तिनी उठेर साना बालक र उहाँकी आमालाई साथमा लिई मिश्रदेशमा राती नै गइहाले, १५ र हेरोदको मृत्यु नहोउञ्जेल त्यहीँ बसे। अगमवक्ताद्वारा परमप्रभुले भन्नुभएको वचन यसरी पूरा भयो, "मैले आफ्ना पुत्रलाई मिश्रदेशबाट बोलाएँ।१६ तब ज्योतिषीहरूले तिनलाई छकाएको कुरा हेरोदले थाहा पाए, र तिनी रीसले चूर भए। अनि ज्योतिषीहरूबाट थाहा भएको समयअनुसार बेथलेहेम र त्यस इलाका भित्रका दुई वर्ष र त्यसदेखि मुनिका सबै बालकहरूलाई मार्न लगाए।"" तर त्यो बालक परमेश्वरमा र उहाँको सिंहासनमा पुऱ्याइयो (प्रकाश १२:५) अर्थात् परमेश्वरले उहाँलाई बिशेष हस्तक्षेप गरेर उहाँलाई सुरक्षित पार्नुभयो।

## २. शैतानलाई यस पृथ्वीमा फ्याँकिन्छ

**प्रकाश १२:७-९मा स्वर्गमै ठूलो युद्ध भएको विवरण प्रस्तुत गरिएको छ। त्यो कस्तो खालको लडाईं थियो र त्यसले शैतानलाई स्वर्गबाट निष्कासन गर्दा त्यसको नतिजा के भयो? हेर्नुहोस् "७ अनि स्वर्गमा लड़ाइँ भयो। मिखाएल र तिनका दूतहरूले त्यस अजिङ्गरसँग युद्ध गरे। अजिङ्गर र त्यसका दूतहरूले पनि युद्ध गरे, ८ तर यिनीहरू हारे, र यिनीहरूका निम्ति स्वर्गमा कुनै ठाउँ रहेन। ९ त्यो ठूलो अजिङ्गर तल फालियो- त्यो प्राचीन सर्प, जो सारा संसारलाई**

**बहकाउने दियाबलस वा शैतान हो। त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए।"**

जब शैतानले परमेश्वरको सिंहासन खोस्न खोजेको थियो भनेर यशैयाले यसरी बताउँछः "१२ ए बिहानको तारा, प्रभातको पुत्र, तँ स्वर्गबाट कसरी खसेको छस्! उहिले जाति-जातिहरूलाई होच्याउने, तँ कसरी भूइँमा तल खसालिइस्। १३ तैंले आफ्नो हृदयमा भनिस्, "म स्वर्गमा उक्लनेछु। परमेश्वरका ताराहरूभन्दा माथि म मेरो सिंहासनलाई उच्च पार्नेछु। पवित्र पर्वतको सबैभन्दा उच्च टाकुरामा सभासद्को पर्वतमा म विराजमान हुनेछु। १४ म बादलको टुप्पाभन्दा माथि उक्लनेछु, म आफूलाई सर्वोच्च परमेश्वर जत्तिकै बनाउनेछु।" १५ तर तँ चिहानसम्म, खाड़लको तल्लो गहिराइसम्मै होच्याइस्" (यशैया १४:१२-१५)। परमेश्वरको राज्यशासन वा सार्वभौमसत्तामाथि शैतानले बिद्रोह गर्दा स्वर्गमा लडाईं भयो र उसलाई स्वर्गबाट फ्याँकियो। यो नै परमेश्वर र शैतानको बीचमा भइरहेको महान् मतभेद वा विवादको सुरु थियो। एक पटक अत्यन्त उच्च पदमा आशिन भएको लुशिफर आफू परमेश्वर जस्तै हुन चाहँदा वा जगतमा भएका सबै परमेश्वरका जीवहरूले उसलाई स्वामी अर्थात् भगवान भनेर ढोगोस भनेर अभियान चलाउँदा उसले परमेश्वरको बिरुद्धमा खुला विद्रोह गर्न पुगेको थियो। त्यो विद्रोह र युद्धमा शैतान हाऱ्यो र त्यसको फलस्वरुप भर्खर सृष्टिभएको ताजा पृथ्वीमा रहन उसलाई निष्कासन गरियो। स्वर्गमा हारेको शैतानले आदम र हव्वालाई धोका दिन पुग्यो र यस पृथ्वीमा आफ्नो हक जमाउन अधिकार भएको आदमबाट त्यो अधिकार शैतानले खोस्यो। जब येशूलाई आफ्नो जालमा फसाउन खोज्दा शैतानले हाकाहाकी उहाँलाई भनेको थियो "६ दियाबलसले उहाँलाई भन्यो, "म यो सारा अधिकार र यिनको गौरव तपाईंलाई दिनेछु, किनभने यी सबै मलाई सुम्पिएका छन्, र म जसलाई इच्छा गर्दछु, त्यसलाई दिँदछु। ७ तपाईंले मलाई दण्डवत् गर्नुभयो भने यी सबै तपाईंका हुनेछन्" (लूका ४:६-७)। आफूले आफैलाई यस संसारको शासक हुँ भनेर दावी गरेको थियो (येशूले त्यसको पुष्टि गर्दै भन्नुभयो "३० येशूले जवाफ दिनुभयो, "यो आवाज मेरो निम्ति भएको होइन, तर तिमीहरूका निम्ति हो। ३१ अब यस संसारको न्याय हुन्छ। यस संसारको शासक बाहिर फालिनेछ" (यूहन्ना १२:३०-३१)। यस पृथ्वीको शासक हुन पुगेको शैतानलाई स्वर्गमा हुने परिषद्मा पृथ्वीको प्रतिनिधित्व गर्ने हैसियतले भाग लिने अधिकार दिइएको थियो। (यस सन्दर्भलाई अय्यूबको पुस्तकले पुष्टि गर्दछ "६ एक दिन स्वर्गीय

दूतहरू* परमप्रभुको सामुन्ने उपस्थित हुँदा शैतान* पनि तिनीहरूसँग आयो। ७ परमप्रभुले शैतानलाई सोध्नुभयो, "तँ कहाँबाट आईस्?" त्यसले भन्यो, "पृथ्वीमा चारैतिर घुमफिर गर्दै आएको हुँ।" ८ तब परमप्रभुले शैतानलाई सोध्नुभयो, "के तैंले मेरो दास अय्यूबलाई याद गरिस्? परमेश्‍वरको डर राख्ने र दुष्ट कामबाट अलग रहने त्यो जस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरू कोही छैन।" ९ शैतानले परमप्रभुलाई यसो भनेर जवाफ दियो, "अय्यूबले त्यसै परमेश्‍वरको डर राखेका हुन् त?" १० के तिनलाई, तिनका घराना र तिनका सबै धन-सम्पत्तिलाई तपाईंले चारैतिरबाट बार हालेर रक्षा गर्नुभएको छैन? तिनका सबै काममा तपाईंले आशिष् दिनुभएको छ, अनि तिनका गाईबस्तुहरू देशभरि अनगन्ती बढ़ेका छन्। ११ तर आफ्नो हात पसारेर तिनका सबै चीजमाथि प्रहार गर्नुहोस्, र तिनले तपाईंलाई तपाईंकै मुखको सामुन्ने सराप्नेछन्।" १२ तब परमप्रभुले शैतानलाई भन्नुभयो, लौ त, त्यसकहाँ जे-जति छन्, सबै तेरै हातमा भयो। केवल अय्यूबको शरीरलाई चाहिँ नछो।" तब शैतान परमप्रभुको उपस्थितिबाट निस्केर गयो" (अय्यूब १:६-१२) यथार्थमा यस घट्नामा महान विवादको एक तत्व खुलासा गरिएको छ "तपाईंले अय्यूबलाई सम्पन्न गराउनुभएकोले उनले तपाईंको उपासना गर्छ तर तपाईंले उनको सम्पत्तिको नाश गर्नुभयो भने तपाईंलाई उनले सराप्नेछ" भनेर परमेश्‍वरलाई स्वइच्छाले होइन बरू परमेश्‍वरबाट के पाउँला वा डरले अय्यूबले उहाँको उपासना गरेको भनेर शैतानले दावी गरेको थियो। नेपाली परिप्रेक्ष्यमा मानिसहरूलाई पैसा ख्वाएर इसाई बनाइयो भन्ने आरोप लगाए जस्तै हो-अनुवादकको जिज्ञासा)। तर जब येशूलाई क्रुसमा टाँगिएर यस संसारमा खतम गर्न खोज्दा शैतान हार्न पुग्यो तब उसलाई र उसका पतित स्वर्गदूतहरूलाई यस पृथ्वीमा नजरबन्द स्वरुप राखियो र तिनीहरूलाई अन्तिम दण्ड नदिउँञ्जेल पृथ्वीबाट कहीं जाने अनुमति दिइएन (२ पत्रुस २:४ "स्वर्गदूतहरूले पाप गर्दा परमेश्‍वरले तिनीहरूलाई बाँकी राख्नुभएन, तर तिनीहरूलाई नरकमा फालिदिनुभयो (यस पृथ्वीमा), र न्यायका दिनसम्मको निम्ति पातालको अन्धकारमा जकड़िराख्नुभयो।" र "आफ्नो अधिकारको मर्यादा कायम नराखेर उचित वासस्थान त्याग्ने स्वर्गदूतहरूलाई उहाँले पातालको अन्धकारमा न्यायको त्यस ठूलो दिनसम्म अनन्त बन्धनमा राख्नुभएको छ" यहूदा ६)।

आफ्नो मृत्युले जुन कुरो गुमाइएको थियो सो येशूले पुन आफ्नो कब्जामा लिनुभयो र शैतानको सही वा सत्य चरित्रलाई जगतको सामु

भन्डाफोर गर्नुभयो। "आफ्नो लुकिएको चरित्रलाई उदाङ्ग पारिएको शैतानले देखे। (अर्थात् परमेश्वर रिसाहा, अन्यायी, स्वार्थी, जबरजस्ती जीवहरूलाई आफूलाई पुज्न लगाउने हुनुहुन्छ तर आफू उहाँभन्दा असल भनेर भलाद्मीको पोशाक लगाएर जगत र मानव जातिहरूलाई छल गरिरहेको स्वभावलाई येशूले क्रुसमा उघारिदिनुभएको थियो)। पतित नभएका सारा स्वर्गदूतहरू र सारा जगतका जीवहरूको सामु उसको शासनपद्वति कस्तो थियो भनेर एक दिन प्रस्तुत गरिनेछ। शैतानले आफूलाई हत्यारा भनेर प्रकट गरेको छ। परमेश्वरको पुत्रको हत्या गरेर स्वर्गका जीवहरूबाट उसले पाउने कुनै पनि सहानुभूतिहरूलाई आफूले नै समाप्त गरिदिएको छ। अब उसको कामलाई सिमित तुल्याइएको छ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ७६१बाट रूपान्तरित। सारा ब्रम्हान्ड वा जगतको सामु यस संसारको शासन अधिकार शैतानबाट येशूलाई सारिएको थियो र यस पृथ्वीको सही वा बैधानिक शासक येशू नै हुनुहुन्छ भनेर घोषणा गरिएको थियो ("१८ म यो पनि प्रार्थना गर्दछु, कि तिमीहरूको हृदयका आँखा उज्यालो होस्, र कुन आशाको निम्ति उहाँले तिमीहरूलाई बोलाउनुभएको छ, र सन्तहरूमा उहाँको महिमित उत्तराधिकारको सम्पत्ति के हो, सो तिमीहरूले जान्न सक। १९ अनि हामी विश्वास गर्नेहरूका निम्ति उहाँको शक्तिको असीम महानता के हो, सो तिमीहरू जान्न सक। त्यो शक्ति उहाँको महान् सामर्थ्यको काम नै हो, २० जो उहाँले ख्रीष्टमा पूरा गर्नुभयो, जब उहाँले ख्रीष्टलाई मरेकाहरूबाट जीवित पार्नुभयो, अनि स्वर्गीय स्थानहरूमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो। २१ सबै शासन, र अधिकार, र शक्ति र राज्यमाथि, र यस युगका मात्र होइन, तर आउने युगका पनि जति नाउँ छन्, ती सबैमाथि उहाँलाई राख्नुभयो, २२ र परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो, २३ जुन मण्डली उहाँको शरीर, उहाँको पूर्णता हो। र उहाँले नै सबै थोक परिपूर्ण पार्नुहुन्छ" एफिसी १:१८-२३ र " ९ त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, १० कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँड़ा टेक्नुपर्छ, ११ र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ" फिलिप्पी २:९-११)।

येशू ख्रीष्ट आफैले पृथ्वीको न्याय र शैतानको हविगत के हुनेछ भनेर स्पष्ट पार्नुभएको छ "अब यस संसारमा न्याय आएको छ। यस संसारको

शासकलाई फ्याँकिने छ" (यूहन्ना १२:३१ रूपान्तरित)। शैतानको भविष्यको फैसला भएकोले अब "मुक्ति र बाहुबल, परमेश्वरको राज्य र उहाँको ख्रीष्टको शक्ति आएको छ" प्रकाश १२:१० रूपान्तरित)। यस पृथ्वीमा भएका परमेश्वरका जनहरूलाई हानी पुऱ्याउन केही शक्ति उसमाथि अझै छ तर त्यो सिमितमात्रामामात्र छ। त्यो पनि आफूसँग छोटो समय बाँकी छ भनेर महसुस गरेर ऊ चल्दछ (प्रकाश १२:१२ रूपान्तरित)। उसको समय छोटो नै भएतापनि यस संसारमा अनेकौं दुःख, पीडा, आतङ्क, कष्ट र विध्वंस मच्चाउन भरमग्दुर प्रयास गरिरहेको छ।

**शैतानको आक्रमणको प्रतिकार गर्न हामीले के गर्नुपर्छ भनेर देहायका पदहरूले के भन्छ? हेर्नुहोस् प्रकाश १२:११ " तिनीहरूले थुमाको रगत र आफ्ना गवाहीको वचनको कारण त्यसलाई जितेका छन्, र तिनीहरूले मृत्युसम्मै पनि आफ्नो ज्यानको माया राखेनन्।" र एफिसी ६:१०-१८ " १० अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ। ११ दियाबलसका युक्तिहरूका विरुद्धमा खड़ा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर। १२ किनकि हामीहरूको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्टयाइँका आत्मिक सेनाहरूका विरुद्ध हो। १३ यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खड़ा हुन सक्ने होओ। १४ यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खड़ा होओ, १५ र खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर तयार होओ। १६ साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ। १७ मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो। १८ सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर। यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरूका निम्ति प्रार्थना गरिरहो।"**

## ३. यस संसारमा युद्ध

स्वर्गमा अत्यन्त सम्मान पाएको लुशिफरले परमेश्वरको खिलाफमा बिद्रोह गरेपछि ऊ शैतान वा हामीहरूको नेपाली भाषामा राक्षस बन्न पुग्यो। शैतानले उक्त परिस्थितिमा परमेश्वरका जनहरूको बीचमा आफ्नो कस्तो नाच मञ्चन गर्न थाल्यो? हेर्नुहोस् प्रकाश १२:१३,१४ "१३ जब त्यस अजिङ्गरले

**आफू पृथ्वीमा फ्याँकिएको देख्यो, तब त्यसले छोरो जन्माउने त्यस स्त्रीलाई खेद्यो। १४ तर त्यस स्त्रीलाई त्यस सर्पको सम्मुखबाट उजाड-स्थानमा उड़ेर जानलाई ठूलो गरुडका दुई पखेटा दिइए। त्यो उजाड-स्थान साढ़े तीन वर्षसम्म त्यस स्त्रीको पालनपोषणको निम्ति तयार गरिएको थियो।" शैतानले १,२६० दिन वा वर्षको भविष्यवाणी वर्षसम्म चर्चलाई निरन्तररूपमा खेदेको थियो। येशूका कर्मठ तथा सत्य विश्वासीहरू त्यस भयाभव परिस्थितिमा गुज्रिरहँदा परमेश्वरको भूमिका के थियो?**

"स्वर्ग र पृथ्वीमा परमेश्वरका जनहरूलाई औंल्याएर दोष दिने शैतानलाई येशूले आफ्नो ज्यान दिने कामद्वारा स्वर्गबाट सदाको निम्ति खसालिएको वा हुटयाइएको थियो। परमेश्वरको मुक्तिको योजनाको बिरुद्धमा शैतानले जतिसुकै उधुम वा विरोध मच्चाएतापनि उहाँले मुक्तिको योजनाको कामलाई निरन्तरता दिनुभएको थियो।...आफूले विद्रोह गरेर कब्जा गरेको साम्राज्य आफूले गुमाउनुपर्नेछ भनेर शैतानलाई थाहा थियो। त्यसलाई मध्यनजर राखेर परमेश्वरको स्वरुपमा सृष्टि भएको जतिसक्यो त्यति धेरै मानव जातलाई नाश पार्न कुनै कसुर पनि बाँकी नराख्ने शैतानको दृढसङ्कल्प थियो। येशूले मानिसलाई क्षमा दिनुभएर उहाँको प्रेम र करुणा देखाउनुभएकोमा शैतानले मानिसलाई अत्यन्त घृणाको दृष्टिले हेर्न पुगेको थियो। मानिसले मुक्ति नपाउन् भनेर शैतानले आफूसँग भएको सबै छलकपटको औजार प्रयोग गर्ने प्रयास गर्छ। आफू नैराश्यको खाल्डोमा परेको महसुस भएपछि उसले आफ्नो भएभरको बाहुबल प्रयोग गरेर परमेश्वरलाई विश्वास गर्न चाहने मानिसको अस्तित्वलाई खतम गर्न प्रयास गरिरहेको हुन्छ।"-एलेन जी ह्वाइट, द स्पिरित अभ प्रोफेसी, ठेली ३, पृ. १९४,१९५बाट रूपान्तरित।

येशूको अत्यन्त मायालु बस्तु उहाँको चर्चलाई नाश गर्न यस पृथ्वीमा शैतान रिसले जुर्मुराउँदै विभिन्न क्रियाकलापहरूद्वारा निरन्तररूपमा प्रयास गरिरहेको छ भन्ने कुरामा कुनै शङ्का छैन। तर त्यस भविष्यवाणी गरिएको समय वा १,२६० दिन वा वर्षहरूमा उजाड तथा बनजङ्गलहरूमा चर्चले परमेश्वरबाट सुरक्षा पाएको हुन्छ। यो शैतानले चर्चलाई सतावट दिने विशेष अवधिलाई प्रकाशको १२ अध्यायमा दुई पल्ट उल्लेख गरिएको छ (पहिलो प्रकाश १२:६ "त्यो स्त्रीचाहिँ उजाड-स्थानभित्र भागी, जहाँ एक हजार दुई सय साठी दिनसम्म त्यसको पालनपोषण होस् भनेर परमेश्वरले त्यसको लागि ठाउँ तयार राख्नुभएको थियो" र दोस्रो "तर ती स्त्रीलाई ठूलो चीलको दुई वटा पखेटा दिइयो, अनि त्यस अजिङ्गरले नभेट्टाओस् र एक समय, दुई समय अनि

आधा समय तिनको पालनपोषण होस् भनेर उजाडस्थानमा तिनको निम्ति तयार पारिएको ठाउँमा तिनी उडेर गइन्" अङ्ग्रेजी किङ्ग जेम्स अनुवादबाट तर बाइबल सोसाइटीले त्यो समयलाई साढे तिन वर्ष भनेर अनुवाद गरिएको छ। दुवैको अर्थ एउटै हो- अनुवादकको टिप्पणी)। दुवै तोकिएको अवधिले दानिएल ७:२३-२५मा उल्लेख गरिएको चर्चलाई सतावट गर्ने सानो सिंङको चर्तिकलालाई औंल्याउँछ ("२३ "तिनले मलाई यसरी बताएः 'चौथो जनावरचाहिँ पृथ्वीमा देखा पर्ने चौथो राज्य हो। योचाहिँ अरू राज्यहरूभन्दा फरक हुनेछ र समस्त पृथ्वीलाई कुल्चीमिल्ची पारी निल्नेछ। २४ दश सिङहरू त्यस राज्यबाट आएका दश राजाहरू हुन्। त्यसपछि पहिलेको भन्दा फरक, अर्को राजा खड़ा हुनेछ। उसले तीन राजाहरूलाई दबाउनेछ। २५ उसले सर्वोच्चको विरुद्धमा बोल्नेछ र उहाँका पवित्र जनहरूलाई अत्याचार गर्नेछ र ठहऱ्याइएका समय र व्यवस्थाहरू फेर्ने प्रयत्न गर्नेछ। पवित्र जनहरू साढ़े तीन वर्षसम्म* उसको हातमा सुम्पिइनेछन्" दानिएल ७:२३-२५)। भविष्यवाणीको मामिलामा बोल्नुपऱ्यो भने बाइबलमा एक दिनको बराबर एक वर्षको संज्ञा दिइएको छ। इतिहासमा यो भविष्यवाणीको समय ठिक मिल्दछ। त्यो सन् ५३८-१७९८। त्यस बेला क्रिश्चियन धर्मको नाउँमा रोमन क्याथोलिक चर्च वा पोपीय शासनले पश्चिमी देशहरूको राजनीतिमा आफ्नो आधिपत्य जमाएको थियो। अनि फ्रान्सको सम्राट नेपोलियनको सेनापती बर्थिएरले रोमको दमन गर्ने शक्तिलाई अन्त्य गराए। उनले रोमलाई कब्जा गरेर पोपको राजनैतिक शक्तिलाई खसालिदिएको थियो। त्यहाँदेखि पश्चिम देशहरूका पोपले राजनितिमा खुलमखुला नियन्त्रण गर्न नसक्नेभएको थियो। तर त्यो केवल केही हदमा अस्थायी थियो किनभने उसले अब राजनैतिक होइन रोमन क्याथोलिक चर्चको आत्मिक नीतिबाट विश्वलाई कब्जा गर्न खोजिरहेको छ।

पोपको मातहतमा चर्चले १,२६० वर्षसम्म इसाईकै नाउँमा ठूलो सतावट भोग्नुपरेको थियो। स्त्री वा चर्चलाई सत्यानाश गर्न अजिङ्गरले आफ्नो मुखबाट पानीको बाढी निकालेको थियो (त्यस स्त्रीलाई बाढ़ले बगाओस् भनेर त्यस सर्पले स्त्रीको पछि आफ्नो मुखबाट नदीजस्तै पानी निकाल्यो" प्रकाश १२:१५))। यो अवधिमा इसाई धर्मको नाउँमा रोमन क्याथोलिक चर्चले परमेश्वरका विश्वासी जनहरूलाई दवाउन र सास्ती दिन पश्चिमी देशका शैनिक र राष्ट्रहरूलाई प्रयोग गरेको थियो। यस सतावटको समयमा तिनीहरूलाई सुरक्षा दिन एक मित्रबत पृथ्वीले त्यस वाढी अर्थात् पोपको

आफ्नो इसाई धर्मको नाउँमा अतिवादी भयानक चालबाजीबाट सुरक्षित राखेको थियो। त्यो सुरक्षित देशले स्त्री वा चर्चलाई पोपको रिसबाट सुरक्षा दिएको थियो। त्यसबेला त्यो देश अमेरिका थियो जहाँ धार्मिक स्वतन्त्रतालाई स्थान दिइएको थियो ("तर पृथ्वीले त्यस स्त्रीलाई सहायता गऱ्यो, र अजिङ्गरले आफ्नो मुखबाट निकालेको नदी पृथ्वीले आफ्नो मुख उघारेर निलिदियो" प्रकाश १२:१६)। त्यस अवधिमा बेलायत र अरू देशहरूबाट अमेरिकामा कतिपय मानिसहरू शरणार्थी भएर पसेका थिए।

**इसाई धर्मकै नाउँमा रोमन क्याथोलिक चर्चले पोपलाई भगवान नमानी केवल येशू र बाइबललाईमात्र विश्वास गर्ने परमेश्वरका जनहरूलाई १,२६०वर्षसम्म सताएका थिए। ती वर्षहरूलाई मध्यनजरमा राखेर बाइबलमा उल्लेख गरिएका कतिपय कुराहरूलाई बुझ्न हामीमा सिमित ज्ञान भएको किन महसुस गर्नुपर्छ? येशूको आगमन किन ढिलो भयो भनेर फिक्रि गर्नु हाम्रो सिमित ज्ञानको उपज हो भनेर मान्नु जायज होइन र?**

## ४. बाँकी रहेका वा बचेखुचेका परमेश्वरका जनहरूसँग युद्ध

प्रकाश १२:१७मा लेखिएको छ "तब त्यो विशाल सर्प त्यस स्त्री प्रति खूबै क्रोधित भयो। त्यो सर्प त्यस स्त्रीको बाँकी भएका सन्तानहरूको विरुद्ध लडाईं गर्न हिंडयो। त्यस स्त्रीका बालकहरु तिनीहरु थिए जसले परमेश्वरको आदेशको पालन गर्थे। येशूले सिकाएको सत्य तिनीहरुसित थियो" (याद गर्नुहोस् कतिपय नेपाली अनुबादमा यो पद हटाइएर अध्याय १३:१को पहिलो भाग "अनि त्यो अजिङ्गर समुद्रको किनारमा खड़ा भयो"लाई १७ पद भनेर १७ पदको मूल आशयनै हटाइएको छ। तर किङ्ग जेम्स वा नयाँ किङ्ग जेम्स र अरू अङ्ग्रेजी बाइबलहरूमा यसरी १७ पदको मर्मलाई जुन हुनुपर्ने हो सो कायमै गरिएको छ-अनुवादकको खोज अनुसुन्धान)। युगको अन्तमा एक विशेष समूह हुन्छ जोसङ्ग शैतानले भयानक युद्ध गर्नेछ भनिएको छ। त्यो समूह को हो त?

कतिपय नेपाली बाइबलहरूमा "बाँकी" वा "बचेखुचेको" सन्तानहरूसँग शैतान लड्न गयो भनेर उल्लेख नगरिएतापनि विशेष गरेर अङ्ग्रेजी बाइबल जस्तै सर्बमान्य किङ्ग जेम्स जस्ता बाइबलहरूमा १७ पद र त्यो शब्द उल्लेख गरिएको परिप्रेक्ष्यमा हामी ठोकुवा गरेर भन्न सक्दछौं कि इसाई हुँ भनेर दावी गर्ने बहुमत इसाईहरू परमेश्वरले देखाएको मार्गमा नहिँडि भ्रष्ट हुन पुगेको छ भने (१ राजा १९:१८, प्रकाश २:२४) थोरैमात्र इमान्दारी

र परमेश्वरको सत्यनिष्ठामा रहने इसाईहरू पनि हुनेछन्। संसारका बहुसंख्य मानिसहरू इसाईहरू नै किननहुन्, शैतानको बहकावमा लाग्छन् भने युगको अन्तमा अर्थात् सन १७९८पछि परमेश्वरले येशूप्रति बफादार हुने कमसेकम थोरै विश्वासीहरू बाँकी राख्नेछन् जसको विरुद्धमा रिसले जुर्मुरिएर शैतानले संग्राम गर्नेछ।

**पद १७को उचित अनुवाद गरिएको पदमा ती बाँकी सन्तानको चरित्र कस्तो हुन्छ जोसँग शैतान र उसका मतियारहरू लड्नेछन्? युगको अन्तमा रहेका बाँकी इसाई हुँ भनेर दावी गर्ने विश्वासीहरू परमेश्वरको साथमा छन् कि छैनन् भनेर कसरी ठम्याउने?**

प्रकाश १२:१७ स्पष्ट छ। युगको अन्तमा रहने परमेश्वरका सत्य जनहरूले उहाँका दश आज्ञाहरू पालन गर्नेछन्। युगको अन्तमा परमेश्वरका जनहरू र शैतानको बहकावमा लाग्नेहरूको टकरावनै दश आज्ञाका प्रथम् चारवटा आज्ञाहरू हुनेछ भनेर प्रकाश १३ले देखाउँछ।

प्रथम चारवटा आज्ञाहरूले औँल्याउने मूल बिषयबस्तुमा कसको आराधना वा पूजा गर्ने भनेर कोट्याइएको छ। युगको अन्तमा अन्तिम सङ्कटको सामना गर्नुपर्ने भनेकै विश्वका मानिसहरूले कसको आराधना गर्ने वा कसलाई परमेश्वर भनेर ढोग्ने भन्ने विषयबस्तु हुनेछ। विश्वका मानिसहरूले पशुको प्रतीकलाई पूजा गर्न निर्णय गर्छन् भने बाँकी रहेकाहरूले सनातन सृष्टिकर्ता परमेश्वर नै सृष्टिकर्ता हुनुहुन्छ भनेर उहाँको पक्षमा रहेर उहाँको आराधना गर्नेछन् (६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।" प्रकाश १४:६-७)। विश्वका विभिन्न धार्मिक दर्शनहरूले विभिन्न शक्तिहरूलाई सृष्टिकर्ता भनेर मान्न पुगेतापनि दश आज्ञाको चौथौं आज्ञाले मात्र कुन परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ भनेर किटान गरिएको पाइन्छ। त्यो हो बाइबलले देखाएको सनातन परमेश्वर अर्थात् जो मानवरूप लिनुभएर यस संसारमा परमेश्वरको पुत्र भन्ने संज्ञा लिएर आउनुहुने येशू (यूहन्ना १:१-५)। त्यसैकारण युगको अन्तमा हुने अन्तिम सङ्कटको निर्णायक विषयबस्तु नै मानिसले आराधना गर्ने नै परमेश्वर हुनु हुनेछ।

फेरि युगको अन्तमा हुने बाँकी विश्वासीहरू दश आज्ञालाई शिरोपर गरेर चल्नेमात्र नभएर तिनीहरूमा येशू ख्रीष्टको गवाही पनि हुनेछ भनेर उल्लेख गरिएको छ। त्यो के हो त भन्दा त्यसको व्याख्या प्रकाश १९:१०ले दिँदछ "अनि तिनलाई दण्डवत् गर्न म तिनको पाउमा घोप्टो परें। तर तिनले मलाई भने, "तिमीले मलाई यसो गर्नुहुँदैन। म येशूको गवाही कायम राख्ने तिम्रा भाइहरूको र तिम्रो सङ्गी-दास मात्र हुँ। परमेश्वरलाई दण्डवत् गर! किनकि येशूको गवाही अगमवाणीको आत्मा हो।" जब हामी प्रकाश २२:९सँग त्यो पद तुलना गर्छौं तब यूहन्नाका भाइहरू ती हुन् जोसँग येशूको गवाही छन् तिनीहरू अगमवक्ता हुन् ("तर तिनले मलाई भने, "हेर, तिमीले यसो गर्नुहुँदैन। म त तिम्रो र अगमवाणी बोल्ने तिम्रा भाइहरू र यस पुस्तकका वचन पालन गर्नेहरूका सङ्गी-दास मात्र हुँ। परमेश्वरलाई दण्डवत् गर।" प्रकाश २२:९)।

त्यसकारण "येशूको गवाही" भनेको उहाँको सत्यको गवाही दिने उहाँका अगमवक्ताहरू अर्थात् उहाँमा निष्ठावान भएर बस्नेहरूबाट उहाँको सन्देशलाई प्रसारण गर्नु हो। जसरी येशूले यूहन्नाबाट सन्देशहरू अरूलाई सुनाउन दिनुभयो त्यसरी नै युगको अन्तमा हुने परमेश्वरका बचेखुचेका वा बाँकी सन्तान अर्थात् अगमवक्ताद्वारा उहाँले सत्यको प्रसारण गरिनेछ ("येशू ख्रीष्टको प्रकाश, जो परमेश्वरले चाँड़ै हुन आउने कुराहरू आफ्ना सेवकहरूलाई देखाउन उहाँलाई दिनुभयो। उहाँले आफ्नो दूत पठाउनुभएर यो कुरा आफ्नो सेवक यूहन्नालाई प्रकट गरिदिनुभयो।" प्रकाश १:१)। युगको अन्तमा अत्यन्त कठिन परिस्थितिमा परमेश्वरका जनहरूलाई उहाँतिर मन फर्काइराख्न जोड दिने र अगुवाइ गरिरहने अगमवाणीको आत्मा जसले येशूलाई उच्च पारिराख्छ ती बाँकी सन्तानहरूको बीचमा हुनेछन् तर शैतानले अनेकौं चर्तिकला, छलकपट, प्रलोभन, क्रोध देखाएर तिनीहरूलाई नाश गर्न उधुम मचाउनेछ। केवल हामी एडभेन्टिस्टहरूलाई अगुवाइ गर्न, सचेत गराउन र सृष्टिकर्ता परमेश्वरप्रति प्रतिबद्ध भएर रहिरन हामीमा अगमवाणी बोल्ने आत्माको बरदान पाएका छौं। उनी हुन् एलेन जी ह्वाइट जसको सेवाबाट र धेरै लेखन सामग्रीहरूबाट परमेश्वर र येशूको बारेमा अनेकौं गहिरो जानकारी उपलब्ध गराएर सेभेन्थ डे एडभेन्टिस्ट चर्चलाई अघि बढाइरहेका छन्।

**"अगमबाणी बोल्ने आत्माबाट" हामीले पाएका अनेकौं गहिरो र अकल्पनीय शिक्षाहरूमा केही के तपाईंलाई थाहा छ? ती आत्मज्ञानका बरदानहरू हामीले पाएर व्यक्तिगत रूपमै होस् वा चर्च होस् कस्तो जिम्मेवारी हामीमा छ भनेर महसुस गर्नुपर्छ?**

## ५. युगको अन्तमा परमेश्वरका जनहरूलाई खतम गर्ने शैतानको रणनीति

संसारका मानिसहरूलाई आफ्नो पक्षमा ल्याउन कोशिश गर्न र येशूका निष्ठावान विश्वासीहरूलाई अनेकौं तरिकाले धोखा दिन शैतानले आफ्नो रणनीति परिवर्तन गर्दछ भनेर प्रकाश १२:१७ले औंल्याउँदछ। चर्चमा बाइबलसम्मत नभएका अनेकौं शिक्षाहरू घुसारेर हुन्छ कि, जबरजस्ती गरेर हुन्छ कि सतावट दिएर हुन्छ कि शैतानले परमेश्वरको मुक्तिको योजनालाई ध्वस्त पार्न खोज्दछ भनेर विश्वको इसाई इतिहासले बताइरहेको पाइन्छ। इसाईकै नाउँमा पनि चर्चभित्रै परमेश्वरका जनहरूलाई कुनै न कुनै किसिमले सताइएको वा सताइरहेको इसाई इतिहासले बताउँछ। धेरै शताब्दीदेखि शैतानको रणनीति केही हदसम्म सफल भएको तर पन्ध्रौं शताब्दीमा भएको इसाई सुधारवादी आन्दोलन र परमेश्वरका जनहरूले बाइबलका सत्यहरूलाई बिस्तारै पत्ता लगाउन थालेकोले शैतानको चालबाजीप्रति प्रतिकार पनि गरेको इतिहासले देखाउँदछ। आफ्नो समय छोटो भइरहेको महसुस गरेर परमेश्वरको योजनाको बिरुद्धमा युगको अन्तमा रहेका बाँकी वा बचेखुचेका जनहरू जसले परमेश्वरका आज्ञाहरूलाई पालन गर्छन् र येशूको गवाही हुन्छन् तिनीहरूको बिरुद्धमा शैतानले भयानक युद्ध छेड्छ (प्रकाश १२:१७ रूपान्तरित (कतिपय नेपाली बाइबलमा यो अंश हटाइएको छ)। केवल भौतिक तरिकाले मात्र होइन अनेकौं छलकपट वा धोकापूर्ण चालबाजीले परमेश्वरका बाँकीरहेका जनहरूसँग लड्नेछ। दुष्ट आत्माले अनेकौं चमत्कारीय वा दुःखदिने कामहरू गरेर हुन्छ कि धर्मकै नाउँमा अनेकौं आत्मिक क्रियाकलाप प्रकट गरेर हुन्छ कि (प्रकाश १६:१४) विश्वासीहरूको मनलाई परमेश्वरबाट भडकाउन शैतानले प्रयास गर्दछ र गरिरहनेछ। युगको अन्तमा हुने शैतानको उक्त रणनीतिलाई येशूले यसरी स्पष्ट पार्नुहुन्छ "२४ किनकि झूटा ख्रीष्टहरू, र झूटा अगमवक्ताहरू खड़ा हुनेछन्, र हुन सके चुनिएकाहरूलाई पनि भड्काउनलाई ठूला-ठूला चिन्हहरू र आश्चर्यका कामहरू देखाउनेछन्। २५ याद राख, मैले तिमीहरूलाई अघिबाटै भनिदिएको छु" (मत्ती २४:२४-२५) ।

युगको अन्तमा शैतानले विश्वको निष्ठा आफूतिर फर्काएर त्यसलाई भडकाउने वा धोखा दिने कामको बारेमा प्रकाश १२ अध्यायदेखि २० अध्यायसम्म बारम्बार उल्लेख गरिएको विषय विशेष महत्त्व छ। शैतानले "भडकाउने" वा "धोखा दिने" भन्ने शब्द प्रकाश १२:९मा सुरु गरेर प्रकाश २०:७-१२मा अन्त्य गर्दछ। यसमा युगको अन्तमा शैतानले परमेश्वरका जनहरूलाई आफूतिर खिँच्न अनेकौं चालबाजी खेलिने देखाइएको छ।

युगको अन्तमा इसाईहरू होस् वा अरूहरू होस् मानिसहरूले परमेश्वरतिर ध्यान नदेउन् भनेर शैतानले अनेकौं छलि वा धोकापूर्ण कामहरू गर्नेछ भनेर देहायका पदहरूद्वारा कसरी खुलासा गरिएको छ? हेर्नुहोस्ः २ थेस्सोलिनिकी २:८-१२ "८ तब त्यस पापको मानिस प्रकट हुनेछ, जसलाई प्रभु येशूले आफ्नो मुखको सासले नाश पार्नुहुनेछ, र उहाँका आगमनको प्रकाशले त्यसलाई नाश गर्नुहुनेछ। ९ शैतानको कामकाजबमोजिम पापको मानिस सारा शक्ति र छलपूर्ण चिन्हहरू र चमत्कारसहित, १० र नाश हुनेहरूलाई छलमा पार्ने समस्त दुष्टतासहित आउनेछ, किनकि तिनीहरूले सत्यलाई प्रेम गर्न र त्यसरी बाँच्न इन्कार गरे। ११ यसैकारण तिनीहरूले झूटा कुरामा विश्वास गरून् भनेर परमेश्वरले तिनीहरूमाथि एक शक्तिशाली भ्रम पठाउनुहुन्छ, १२ ताकि सत्यमाथि विश्वास नगर्ने, तर अधार्मिकतामा आनन्द मनाउने सबै जना दोषी ठहरिऊन्।", प्रकाश १३:१३,१४ "१३ मानिसका आँखाको अगि आकाशबाट पृथ्वीमा आगो झार्नेजस्ता ठूला-ठूला चिन्हहरू पनि त्यसले गऱ्यो। १४ पहिलो पशुको उपस्थितिमा जुन चमत्कार देखाउने शक्ति त्यसलाई दिइएको थियो, त्यहीद्वारा त्यसले पृथ्वीका बासिन्दाहरूलाई बहकायो। तरवारको चोट खाएर पनि जीवित भएको त्यस पहिलो पशुको सम्मानमा एउटा मूर्ति बनाउने हुकुम त्यसले तिनीहरूलाई दियो।" र प्रकाश १९:२० "तब त्यो पशु र त्यसको उपस्थितिमा अचम्मको काम गर्ने झूटो अगमवक्ता दुवै पक्राउ परे। यी अचम्मका कामहरूद्वारा त्यस झूटो अगमवक्ताले त्यस पशुको छाप लिने र त्यसको मूर्तिको पूजा गर्नेहरूलाई बहकाएको थियो। यी दुवै जलिरहेको गन्धकको अग्नि-कुण्डमा जिउँदै फालिए।"

शैतानले सारा संसारलाई आफ्नो अनेकौं क्रियाकलापहरू तथा तन्त्रमन्त्र आदि गरेर रोगीलाई समेत निको पार्ने जस्ता कामहरूद्वारा धोका दिन्छन् भनेर प्रकाश १२देखि २०अध्यायले चित्रण गर्दछ (उदहारणमा प्रकाश १२:९ "त्यो ठूलो अजिङ्गर तल फालियो– त्यो प्राचीन सर्प, जो सारा संसारलाई बहकाउने दियाबलस वा शैतान हो। त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए।", प्रकाश १३:१४ "पहिलो पशुको उपस्थितिमा जुन चमत्कार देखाउने शक्ति त्यसलाई दिइएको थियो, त्यहीद्वारा त्यसले पृथ्वीका बासिन्दाहरूलाई बहकायो। तरवारको चोट खाएर पनि जीवित भएको त्यस पहिलो पशुको सम्मानमा एउटा मूर्ति बनाउने हुकुम त्यसले तिनीहरूलाई दियो।", प्रकाश १८:२३ "बत्तीको उज्यालो तँमा कहिल्यै चम्कनेछैन। दुलहा र दुलहीको सोर पनि तँमा कहिल्यै सुनिनेछैन। किनकि तेरा व्यापारीहरू

पृथ्वीका ठूला-ठूला मानिसहरू थिए, र तेरा मन्त्रतन्त्रले जाति-जातिहरू ठगिएका थिए।", प्रकाश १९:२० "तब त्यो पशु र त्यसको उपस्थितिमा अचम्म काम गर्ने झूटो अगमवक्ता दुवै पक्राउ परे। यी अचम्मका कामहरूद्वारा त्यस झूटो अगमवक्ताले त्यस पशुको छाप लिने र त्यसको मूर्तिको पूजा गर्नेहरूलाई बहकाएको थियो। यी दुवै जलिरहेको गन्धकको अग्नि-कुण्डमा जिउँदै फालिए।" र प्रकाश २०:८ "पृथ्वीका चारै दिशामा भएका देश-देशका मानिसहरूलाई बहकाउन, अर्थात् गोग र मागोगलाई लड़ाइँको निम्ति भेला गर्न निस्केर आउनेछ। तिनका संख्या समुद्रका बालुवा जत्तिकै हुनेछ")। अनि आत्मिक क्षेत्रबाट मात्र होइन राजनैतिक र धार्मिक शक्ति र राष्ट्रहरूलाई प्रयोग गरेर यस संसारको स्वामी आफू हुँ भनेर देखाउँदछः उसले त्यस काम गर्न मूर्तिपूजा गर्ने पश्चिमी साम्राज्य रोमलाई प्रयोग गर्छ। रोमी राज्यलाई अजिङ्गर वा ड्रागन भनेर चित्रण गरिएको छ (प्रकाश १२:४,५), अनि समुद्रबाट निस्किएको पशुरूपी शक्तिलाई पनि प्रयोग गर्दछ (प्रकाश १२:६,१५, प्रकाश १३:१-८) र अन्तमा पृथ्वीबाट निस्किएको पशुको चित्रण गरिएको शक्तिलाई पनि प्रयोग गर्दछ (प्रकाश १३:११)। परमेश्वरका जनहरू खिलाफ शैतानले तिन शक्तिहरू प्रयोग गर्दछ। तिनीहरू हुन्ः मूर्तिपूजा गर्ने र तन्त्रमन्त्र आदिद्वारा भडकाउने शक्ति जुन अजिङ्गर भनेर चित्रण गरिएको छ, रोमन क्याथोलिक चर्च जुन समुद्रबाट निस्किएको पशु भनेर चित्रण गरिएको छ र परमेश्वरको सत्य वचनबाट तर्किएर जाने सुधारवादी वा प्रोटेस्टेन्ट इसाईहरू जुन थुमा जस्तो वा पृथ्वीबाट निस्किएको पशु भनेर चित्रण गरिएको छ। ती त्रिशक्तिहरू भिन्नाभिन्नै भएतापनि यस संसारमा हुने परमेश्वरको क्रियालापहरूको बिरुद्धमा लाग्न एक हुन्छन्। ती तिनै शक्तिहरू एक भएर मानिसहरूलाई धोखा दिन्छन्। तिनीहरूले मानिसहरूको नजर परमेश्वरबाट टाढा राख्दछन् र शैतानको पक्षमा उभ्याएर परम शक्तिशाली सनातन परमेश्वरको महान् दिनमा युद्धको तयारी गर्दछन् (प्रकाश १६:१३,१४)। यी झुट धार्मिक तन्त्रमन्त्र वा इसाई भनेर दावी गरेतापनि बाइबलसँग असहमत शिक्षाहरूद्वारा मानिसहरूलाई धोखा दिने वा बहकाउने शक्तिलाई येशूको दोस्रो आगमनमा नाश पारिनेछ (प्रकाश १९:२०) र पृथ्वीका विभिन्न राजनैतिक र धार्मिक अस्त्रहरू प्रयोग गरेर परमेश्वरका कामहरूलाई नाश गर्न खोज्ने शक्ति वा मूल शैतान हो जुन अजिङ्गर वा ड्रागन भनेर चित्रण गरिएको छ त्यो पनि हजारवर्षको अन्तमा सदाको निम्ति नाश पारिनेछ (प्रकाश २०:१०)। युगको अन्तमा शैतानले प्रयोग गर्ने अनेकौं चालबाजीहरू यस्तो महान् छल हुनेछन कि प्रायजसो सबै

मानिसहरूले उसलाई चुन्ने निर्णय गर्नेछन् भनेर प्रकाशको पुस्तकले बताउँछ। त्यसको अर्थ तिनीहरू अनन्त जीवन होइनन् बरु सदाको निम्ति नाश हुन वा अस्तित्वविहीन हुन रोज्दछन् (मत्ती ७:१३)।

**युगको अन्तमा शैतानले ल्याउने धोकापूर्ण चालबाजीहरू बुझ्न र त्यसको खिलाफमा उभिन बुद्धिज्ञान र ठिकबेठिक छुट्याउने आत्मिक ज्ञान प्राप्त गर्न प्रकाशको पुस्तकले दुई पल्ट आह्वान गर्दछ (प्रकाश १३:१८ "बुद्धिमत्ता यसैमा छः जसको समझ छ, त्यसले त्यस पशुको संख्या जोडोस्, किनकि त्यो कुनै मानिसको संख्या हो, र यो संख्याचाहिँ छ सय छयसट्ठी हो।" र प्रकाश १७:९ "बुद्धिमत्ता यसैमा छः ती सात शिर सात पर्वतहरू हुन्, जसमाथि त्यो स्त्री बसेकी छे।" कस्तो किसिमको बुद्धि हुन यहाँ देखाइएको छ? त्यो बुद्धि वा समझशक्ति हामीले कहाँबाट पाउने? हेर्नुहोस् याकूब १:५ "तर यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार-चित्तसँग नझर्की दिनुहुने परमेश्वरलाई त्यसले मागोस्, र त्यसलाई त्यो दिइनेछ।"**

## उपसंहारः

थप जानकारीको निम्ति एलेन जी ह्वाइटको द ग्रेट कन्त्रोभर्सीको पृ. ५१८-५३०मा लिखित अध्याय "स्नेयर्स अभ शैतान" पढ्नुहोस्।

अन्तिम युगमा हुने अनेकौं घट्नाहरू ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् द्वन्द्व वा विवादको एक भाग हुन् भनेर परमेश्वरका जनहरूले थाहा पाउन् भनेर प्रकाश १२ अध्यायको प्रथम् लक्ष्य हो। यस प्रकाशको पुस्तकले परमेश्वरका जनहरूलाई केही महत्त्वपूर्ण कुराहरूमा सचेत गराउन चाहन्छः आज तिनीहरूले जे सामना गरिरहेका छन् र भविष्यमा झन तिनीहरूले सामना गर्नुपर्ने शैतानको अत्यन्त भयानक र गम्भीर आक्रमण, र आफ्नो समय थोरै भएकोले रिसले जुरमुरिरहेको शैतान जो परमेश्वर र उहाँका जनहरूको परमशत्रु हो। अनन्त जीवन पाओस् भनेर सत्यप्रति मोह नहुने मानिसहरूको नाश होस् भनेर युगको अन्तमा शैतानले अनेकौं शक्ति, चमत्कारीय कामहरू गरेर, मानिसहरूलाई अचम्म पार्ने अनेकौं झुटा अचम्मका कामहरू गरेर र अधर्मी शिक्षादीक्षाले लठ्ठ पार्नेछ भनेर पावलले सचेत गराएका छन् (२ थेस्सोलिनिकी :२९,१०)।

भविष्यसँग खेलबाड नगरि त्यसलाई गम्भीररूपमा लिन प्रकाशको पुस्तकले हामीलाई आग्रह गर्दछ। हामीहरूको जीवनको प्राथमिकता परमेश्वरमा नै भरपर्नुपर्छ भनेर पनि त्यस पुस्तकले हामीलाई औंल्याउन

खोजेको छ। अर्को पक्षमा भन्ने हो भने, शैतान अत्यन्त बलियो र अनुभवि शत्रु भएतापनि येशूमाथि बिजय गर्न त्यति बलियो छैन भनेर प्रकाशको पुस्तकले कोर्दछ (प्रकाश १२:७,८ "७ अनि स्वर्गमा लड़ाइँ भयो। मिखाएल र तिनका दूतहरूले त्यस अजिङ्गरसँग युद्ध गरे। अजिङ्गर र त्यसका दूतहरूले पनि युद्ध गरे, ८ तर यिनीहरू हारे, र यिनीहरूका निम्ति स्वर्गमा कुनै ठाउँ रहेन")। बिगत समयमा शैतान र उसका दुष्ट फौजहरूमाथि बिजय पाउनेमाथिमात्र परमेश्वरका जनहरूको आशा हुनुपर्छ। आफ्नो निष्ठा वा आस्थामा अडिग रहनेहरूलाई यो प्रतिज्ञा दिइएको छ "म तिमीहरूसँग सधैं रहनेछु, युगको अन्तसम्म पनि" (मत्ती २८:२० रूपान्तरित)।

**चिन्तनमननः**

अ) युगको अन्तमा रहने रेमनेन्ट वा बाँकी सन्तानहरू भनेको सेभेन्थ-डे एडभेन्टिस्टहरू हुन् भनेर हाम्रोबारे हामी चित्रण गर्दछौं। यो त ठूलो अवसरको कुरो हो! तर यो सत्यलाई स्वीकार्दा जिम्मेवारी पनि हामीमा भएको कुरालाई कहिल्यै पनि बिर्सनुहुन्न ("४२ प्रभुले भन्नुभयो, "त्यो विश्वासी र बुद्धिमानी भण्डारे को हो, जसलाई त्यसका मालिकले आफ्ना परिवारलाई निश्चित समयमा तिनीहरूका भागमा पर्ने भोजन दिनलाई खटाउनेछन्? ४३ त्यो दास धन्यको हो, जसलाई त्यसका मालिक आउँदा त्यसै गरिरहेको भेट्टाउनेछन्। ४४ साँच्चै म तिमीहरूलाई भन्दछु, तिनले त्यसलाई आफ्ना सारा सम्पत्तिमाथि अधिकार दिनेछन्। ४५ तर त्यस दासले आफ्नो मनमा "मेरा मालिक आउन ढिलाउनुहुनेछ" भनेर कमारा र कमारीहरूलाई पिट्न लाग्यो, र त्यो खान, पिउन र मात्न लाग्यो भने, ४६ त्यसले आशा नगरेको दिन र नचिताएको घड़ीमा त्यसका मालिक आउनेछन्, र त्यसलाई दण्ड दिनेछन्, र त्यसको दशा अविश्वासीहरूको जस्तो हुनेछ। ४७ "आफ्नो मालिकको इच्छा जानेर तयार नरहने र तिनको इच्छाबमोजिम नगर्ने दासले चाहिँ ज्यादै पिटाइ खानेछ। ४८ तर मालिकको इच्छा नजानेर पिटाइ खाने योग्यको काम गर्नेले थोरै पिटाइ खानेछ। प्रत्येक जसलाई धेरै दिइएको छ, त्यसबाट धेरै मागिनेछ, र हरेक जसलाई धेरै सुम्पिएको छ, त्यसबाट अझ बढ़ी लिइनेछ" लूका १२:४२-४८)। तर हामीले अपनाउने भूमिकाले हामीहरूको व्यक्तिगत मुक्ति सुरक्षित हुन्छ वा ग्यारेन्ट हुन्छ भनेर हामीले किन सोच्नुहुन्न?

आ) "हो, हामीले शैतानको शक्तिको बारेमा धेरै चर्चा गर्छौं। शैतान अत्यन्त बलबान जीव हो भन्ने कुरामा कुनै द्विविधा छैन तर हाम्रो शक्तिशाली मुक्तिदाताको निम्ति म धन्यवाद दिन चाहन्छु किनकि उहाँले स्वर्गबाट दुष्ट तत्वलाई फ्याँकिदिनुभयो। तर याद गर्नुहोस्, यदि हामीले हामीहरूको प्रतिद्वन्दीको बारेमा धेरै चर्चा गर्दा, उसको बारेमा प्रार्थना गर्दा र उसको बारेमा सोचिरहँदा हामीहरूको दिमागमा शैतान झन झन ठूलो भएर ठाउँ ओगटिरहेको हुन्छ। बरू शैतानको बारेमा भन्दा येशूको बारेमा हामी किन धेरै चर्चा नगर्ने? उहाँको प्रेम र शक्तिको बारेमा किन चर्चा नगर्ने? शैतान कतिको बलबान छ भनेर उसको बारेमा बढाएरचढाएर चर्चा गर्दा ऊ धेरै खुशी हुन्छ। येशूलाई उच्च राख्नुहोस्, उहाँको बारेमा ध्यान गर्नुहोस्। यदि हामीले येशूलाई हेरिरहनसक्यौं भने हामी पनि उहाँ जस्तै भएर उहाँको स्वरूपमा परिवर्तन हुनेछौं" -एलेन जी ह्वाइट, द एडभेन्ट रिभ्यु एण्ड साबथ हेराल्ड, मार्च १९,१८८९बाट रूपान्तरित। इसाई हौं भनेर दावी गर्नेहरूले शैतानको शक्तिलाई कसरी बढाइचढाइ गरेर वर्णन गर्दछन्? तर फेरि त्यसैवखत शैतानको वास्तविक शक्ति र उसको वास्तविक अस्तित्वलाई वेवास्ता गर्दा पनि खतरा उत्पन्त हुनसक्छ?

## कथा ८
## साबथको निम्ति सबै थोक त्याग गर्न तयार
## कार्लोस फ्रिटास, ४८, साओ टोमे र प्रिन्सिपे

कार्लोसले बप्तिस्मा लिइसकेपछि आफ्नो हाकिमकहाँ गयो र भन्यो अब भ्वाइस अभ अमेरिकाको निम्ति शनिवार काम गर्न सक्तिनँ। उसको अमेरिकन हाकिमले कार्लोसलाई अचम्म मानेर हेऱ्यो र भन्यो "साबथ पालन गर्नु भनेको त पुरानो करारको नियम हो, हामी इसाईहरूले नयाँ करारलाई पछ्याउनुपर्छ।" त्यसबेला कार्लोसले केही खास जवाफ दिएन। कार्लोसले आफ्नो घरमा गएर नयाँ करारमा साबथको बारेमा लेखिएका पदहरूको सूची बनायो र अर्को दिन आफ्नो हाकिमलाई दियो।

"साबथ नयाँ करारमा पनि छ र त्यसलाई हामीले पालन गर्नुपर्छ" आफ्नो प्रतिवद्धता जाहेर गर्दै कार्लोसले हाकिमलाई सुनायो। "ए, यो तिम्रो अन्तिम निर्णय हो त?" हाकिमले सोध्यो। "हो, मैले कामै गुमाउनुपरेतापनि म साबथलाई पालन गर्दछु। त्यस दिनलाई अपमान गर्नु मेरो निम्ति पाप हुनेछ" नहिच्किचाइ कार्लोसले जवाफ दियो। अनि उसको हाकिमले उससँग हात मिलाएर भने "मेरो जीवनमा यो पहिलोपल्ट हो कि साबथमा काम नगर्ने निर्णय कसैले गरेको थियो।" अरू छलफल के भयो सो अन्त गर्न कार्लोसले आफ्नो काम गुमाउन परेन। उसको हाकिले उसलाई शनिबार काम गर्न फेरि कहिल्यै पनि अऱ्हाएनन्।तर केही समयपछि उसलाई बुझ्ने हाकिमको सरुवा भयो।

कार्लोस दश जना छोराछोरीहरूको बाबु भएको थियो। भ्वाइस अमेरिकाको रेडियोमा समाचार प्रसारणमा काम गर्ने सिलसिलामा त्यस रेडियो कम्पनीमा बिजुली बनाउने काम पनि उसले गर्दथ्यो। जब डुङ्गाबाट डिजेलको ड्रम ल्याo्थ्यो तब ऊ त्यो ड्रम त्यसबाट ओऱ्हाल्थ्यो र रेडियो स्टेशन चलाउन जेनरेटरमा तेल हाल्दथ्यो। त्यो तेलको डुङ्गा बिहिबार आउँथ्यो। तेल आउनेबित्तिक्कै कार्लोस र उसका सहयोगीहरू मिलेर त्यो तेलको ड्रम तुरन्तै डुङ्गाबाट झार्दथे। त्यो काम तिनीहरूले शुक्रबारभित्र सिध्याउँथे।

तब एक दिन डुङ्गा बिहिबारको सट्टा शुक्रवार आयो। अब कार्लोसलाई फसाद भयो। शुक्रबारको दिनमा आएको डुङ्गाबाट तेलको ड्रम झार्न शुक्रवार बेलुकासम्म काम गर्नुपर्थ्यो। कार्लोस नयाँ हाकिमकहाँ आफू शनिबार काम नगर्ने भनेर भन्न जान चाहेन किनकि उनी आइतबार पालन गर्ने

भक्त इसाई थियो। बरू ऊ मुख्य हाकिमकहाँ गयो जो अमेरिकन थियो। कार्लोसले शुक्रवारको दिन ५:३०बजेदेखि कामबाट छुट्टी लिने स्वीकृति माग्यो तर त्यस हाकिमले उसको अनुरोधलाई ठाडै अस्वीकार गरे। "मैले परमेश्वरसँग प्रतिज्ञा गरेको छु कि म शुक्रबार घाम अस्ताएपछि गर्दिनँ" कार्लोसले जिकिर गर्दै भन्यो। "यो तिम्रो समस्या हो। तर तेलको ड्रम त बेलुकीसम्मै बसेर भएपनि झार्नुपर्दछ" कठोर भएर हाकिमले जवाफ दिए। कार्लोस आफूलाई बाथरुममा बन्द गरेर प्रार्थना गर्न थाल्यो। साओ टेमोमा राम्रो काम पाउन सजिलो छैन। यदि उसले काम छोड्नुपरे आफ्नो परिवारलाई कसरी पाल्ने? तिनीहरूलाई के भन्ने जस्ता अनेकौं प्रश्नहरू परमेश्वरको सामु उसले राख्यो। आफू कामबाट निस्कन चाहेको थिएन तर त्यसैबेला परमेश्वरप्रति झन बढि श्रद्धा देखाउन चाहेको थियो। जेभएतापनि ५:३०सम्म काम गर्ने र त्यसपछि घर जाने निर्णय उसले गऱ्यो।

५:३०बजे अघि त्यो डुङ्गाको इन्जिनमा पानी पस्यो। त्यसले गर्दा त्यो डुङ्गा अडाउने किनारमा ल्याउन सकिएन। कार्लोस र उसका साथीहरूले त्यो समस्या समाधान गर्न धेरै कोशिश गरे तर इन्जिनमा झन झन पानी पो पस्न थाल्यो। आखिरमा ती कर्मचारीहरू समुद्रको किनारमा आए जहाँ अमेरिकन हाकिम पर्खिरहेको थियो। "हजुर, त्यस डुङ्गाको इन्जिन धेरै खराब छ। शुक्रबार बेलुकाभरि त्यो डुङ्गा किनारामा ल्याएर ड्रम उतार्न असम्भव छ" एक जना कर्मचारीले भन्यो। त्यो हाकिमले एक शब्द पनि बोलेन। कार्लोस आफ्नो नियमित समयमा साबथको आराधना गर्न घर फर्क्यो। त्यस सोमबार अमेरिकन हाकिमसँग भेट्न भयभित भएको थियो। तर सोमबार उक्त हाकिमले केही पनि बोलेन। मङ्गलबार र बुधवार पनि उनी चुपचाप रहे। एक हप्तासम्म पनि उनले कार्लोसलाई केही पनि बोलेनन्। तब कार्लोसको सहकर्मीले उसलाई भन्यो, "के तपाईँलाई थाहा छ त्यस हाकिमले डुङ्गाको बारेमा के भन्यो? उसले भन्यो जे भयो त्यसमा परमेश्वरको हात थियो।" कार्लोसलाई यो कुरा विश्वास गर्नै गाऱ्हो भएको थियो। घरमा आएर ऊ र श्रीमती मिलेर आफ्नो कामलाई सुरक्षित राख्नु भएकोमा परमेश्वरलाई धन्यवाद दिए।

केही दिनपछि डुङ्गा आएको शुक्रबार उक्त हाकिमले के सोचिरहेका थिए सो कुरा कार्लोसलाई खुलासा गऱ्यो। कार्लोसालाई चुपचाप ५:३० घर जान दिने हाकिमले सोचिरहेको थियो तर त्यो निर्णय सुनाउनुभन्दा अघि नै

डुङ्गाको इन्जिनमा पानी पसेको थियो जसले गर्दा कसैले पनि साबथमा काम गर्नुपरेको थिएन।

कार्लोसलाई थाहा नभइकन उसको चालामाला एक जना सुरक्षा गार्डले हेरिरहेको थियो। यदि शुक्रवार बेलुकासम्म काम गर्नुपर्‍यो भने कार्लोसले के गर्ला भनेर सोचिरहेको थियो। जब परमेश्वरले हस्तक्षेप गर्नुभएको कुरा सुरक्षागार्डले थाहा पायो तब अन्त्यन्त ठूलो स्वरले कार्लोसलाई भन्यो, "तपाईंको परमेश्वर महान हुनुहुन्छ!"

उक्त सुरक्षागार्ड एडभेन्टिस्ट चर्चमा जान थाल्यो। त्यहाँदेखि कार्लोसले साबथको विषयलाई लिएर कहिल्यै पनि ठक्कर खानुपरेन।

"जसले परमेश्वरलाई विश्वास गर्छन् उहाँ सबैको निम्ति असलै काम गर्नुहुन्छ। मैले धेरै चुनौतिहरूको सामना गरें जुन त्यसको समाधान गर्न मलाई असम्भव लागेको थियो। तर मैले केही नगरि सबै समस्याको समाधान परमेश्वरले सुल्झाउनुभएको थियो" ४८ वर्षको कार्लोसले रमाइलो मान्दै भन्यो।

(साओ टोमे र प्रिन्सिपे देशका धेरैजसो मानिसहरूलाई साबथको बारेमा थाहा छैन। त्यो देशको जनसंख्या २००,००० छ र आधाभन्दा बेसी त्यस देशका मानिसहरू रोमन क्याथोलिक छन्। एडभेन्टिस्टहरू केवल ८,०००मात्रै छन्। तिनीहरू १३वटा चर्च भवनमा आराधना गर्दछन् साथै त्यहाँ ५६वटा साना साना झुण्डहरू छन्)।

कार्लोस आफ्नो साबथको बारेमा कथा भन्न असाध्यै मन पराउँछ। "मैले बाइबलमा जे भेट्टाएँ सो अरूलाई सुनाउने अब मेरो कर्तव्य हो। परमेश्वरको वचन फैलाउन जे पनि गर्न पछि नहट्ने मेरो चाहना हो" आफ्नो प्रतिवद्धता व्यक्त गर्दै कार्लोसले भन्यो।

**-लेखकः आन्द्रु मेकचेस्ने**